# स्थानीय राजपत्र

ककनी गाउँपालिका, नुवाकोटद्वारा प्रकाशित

| खण्ड ७ | संख्या ..... | मितिः २०८०/११/०९ |
|---|---|---|


## भाग २

## ककनी गाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (२) बमोजिम गाउँ कार्यपालिकाबाट जारी भएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०८० सालको कार्यविधि संख्या ....

# ककनी गाउँपालिकाको भकारो तथा थलो सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०

### भकारो तथा थलो सुधार ५०% अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०८०

**प्रस्तावनाः**

ककनी गाउँपालिका प्रदेश नं. ३ नुवाकोट जिल्लाको दक्षिण काठमाडौं उपत्यकासँग सीमा जोडिएको एक पहाडी जिल्ला हो । समुन्द्र सतह देखि १८२८ मिटरको उचाईमा रहेको यस गाउँपालिका २७°.२५७" उत्तरी अक्षांश र

८५°.२४६" पूर्वी देशान्तरमा अवस्थित छ। जम्मा ८ ओटा वडामा समेटिएको यस गाउँपालिका पूर्वमा शिवपुरी गाउँपालिका र काठमाडौँ जिल्ला पश्चिममा बेलकोटगढी नगरपालिका उत्तरमा लिखु गाउँपालिका र दक्षिणमा काठमाडौँ जिल्ला र धादिङ्ग जिल्लालाई छोएको छ। ककनी गाउँपालिका पशुपालनको लागि उपयुक्त वातावरणका साथै बजारीकरणको सहजता भएको क्षेत्र हो। यस गाउँपालिकाको हावापानी तथा भू-धरातलले गर्दा विभिन्न किसिमका पशुपंक्षी पालन सजिलै गर्न सकिने ठाउँ हो। गाई/भैंसी, बंगुर, कुखुरा, माछा ,बाख्रा आदिलाई व्यवसायिक रुपमा पालन गर्दै आएको छ। यहाँ रहेका केही कृषक वर्गहरु पशु पालन क्षेत्रबाट विस्थापित हुँदै गएका छन। ती समस्या रोक्नका लागि यस पशु सेवा शाखा लागि परेको छ। दिगो रुपमा माटोको उर्वरा शक्ति कायम राख्न परम्परागत तरिकाले उत्पादन हुने प्राङ्गारिक मलको मुख्य स्रोत गाई वस्तुको मलमूत्र नै हो।

## परिच्छेद – १

## प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भः**

क) यस कार्यविधिको नाम भकारो सुधार ५०% अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०८० रहेको छ।

ख) यो कार्यविधि ककनी गाउँपालिका, गाउँकार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ।

२. **परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) "गाउँपालिका" भन्नाले ककनी गाउँपालिका सम्झनु पर्नेछ।

ख) "शाखा" भन्नाले ककनी गाउँपालिका पशु सेवा शाखा सम्झनु पर्नेछ।

ग) "कार्यविधि" भन्नाले भकारो सुधार ५०% अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० सम्झनु पर्नेछ।

३. **उद्देश्यः**

क) गुणस्तरीय गोठेमलको उत्पादन तथा प्रयोग मार्फत प्रागारिक उत्पादनलाई जोड दिने।

ख) पशुको मलमुत्रलाई सुरक्षित तरिकाले व्यवस्थापन गर्न सहयोग पुऱ्याउने।

ग) दिगो रुपमा वस्तु बस्ने ठाउँको भुई plaster गर्ने ताकि उनीहरुलाई बस्न सहज पुऱ्याउने।

## परिच्छेद – २

## कार्यक्रम सञ्चालन प्रक्रिया

४. **कार्यक्रम सञ्चालन गरिने वडाहरुः** ककनी गाउँपालिकाको जुनै वडाहरुमा यो कार्यक्रम सञ्चालन गर्न सकिने छ।

५. **कार्यक्रम सञ्चालन गरिने वडाको समूह/सहकारी तथा कृषक छनौटः** ककनी गाउँपालिकाको वार्षिक स्वीकृत कार्यक्रम र ककनी गाउँपालिका अन्तर्गत पर्ने पशु सेवा शाखाले गरेको सूचना अनुसार समूह/सहकारी तथा कृषकले गरेको प्रस्तावको आधारमा दफा ११ बमोजिमको समितिले पशुपालन क्षेत्रलाई लक्षित गरी वडा छनौट गर्ने छ।

६. **कार्यक्रम सञ्चालनका लागि कृषक छनौटका आधार र सञ्चालन प्रक्रिया देहाय बमोजिम हुने छः**

क) निवेदनको साथमा पशु सेवा शाखाले भकारो तथा थलो सुधारको लागि छनौट गर्नु पर्नेछ।

ख) समूह सहकारीले अनुदान प्रक्रियाको लागि जिम्मेवार दिई खटाउनु पर्ने पदाधिकारीलाई संस्थाको लेटर प्याडमा अख्तियारी पत्र पेश गर्नु पर्नेछ।

ग) समूह, सहकारी तथा फार्म दर्ता गरी सक्रिय रुपमा व्यवसायिक कार्य गरी आएको कृषक/सहकारी तथा कृषक समूहलाई प्राथमिकता दिइने छ।

घ) कम्तीमा ३ वटा गाई वस्तु पालेको साथै पशु बिमा गरेको कृषकलाई प्राथमिकता दिईने छ । छनौट गर्दा समूह, सहकारी तथा फार्मले प्राविधिकको सहयोगमा सम्भव भए सम्म ५/५ जनाको cluster बनाई एकै ठाउँमा पर्ने गरी गर्नु पर्नेछ।

ङ) एउटै समूह, सहकारी तथा फार्मलाई दोहोरो सुविधा वा अनुदान दिईने छैन।

च) समूह, सहकारी तथा फार्मको छनौट भए पछि सो को जानकारी गाउँपालिकाको, पशु सेवा शाखाबाट प्राप्त हुने छ।

छ) Cluster मा कार्यक्रम सञ्चालन गर्न चाहने कृषकको संख्या लक्ष्य भन्दा बढी भएमा दलित, जनजाति तथा लोपन्मुखलाई प्राथमिकता दिई समितिले सिफारिस गरे बमोजिम कार्यक्रम सञ्चालन गरिने र कृषकको संख्या लक्ष्य भन्दा कम भएमा दुई वटा सम्म cluster मिलाई कार्यक्रम सञ्चालन गरिने छ।

७. **न्यूनतम मापदण्ड पुरा हुनु पर्नेः** भकारो तथा थलो सुधार कार्यक्रम गर्दा कम्तीमा ३ वटा पशुका लागि गहुँत नचुहिने गरी र बस्नको लागि पक्की भुई हुनु पर्ने, गहुँत संकलन ट्यांकीको व्यवस्था हुनु पर्ने र भकारो अर्थात मलखाद फ्याँक्ने खाडललाई घामपानीबाट जोगाउनको लागि छानोको व्यवस्था गरेको र प्राविधिकले तोके अनुसारको मापदण्ड पुरा गेरेको हुनु पर्नेछ।

८. **अनुदान रकमको व्यवस्थाः** समितिबाट छनौट भएका समूह, सहकारी तथा फार्मलाई मूल्यांकन गरी प्रति भकारो तथा थलो सुधारका लागि अनुदान रकम वा सो बराबरको सामग्री उपलब्ध गराइने छ।

९. **अनुदान रकम प्रवाहको व्यवस्थाः** भकारो तथा थलो सुधार कार्य सम्पन्न भए पछि सम्बन्धित प्राविधिकले सोको गुणस्तर निरीक्षण गरी प्राविधिक र समितिको सिफारिस प्राप्त भएपछि मात्र समूह, सहकारी तथा फार्मलाई पशु सेवा शाखाले अनुदान रकम उपलब्ध गराउने छ।

१०. **कार्यक्रम अनुगमनको व्यवस्थाः** कार्यक्रमको नियमित अनुगमनदफा ११ बमोजिमको समितिले गर्ने छ। अनुगमन गरे बापत गाउँ कार्यपालिकाले नियमानुसार यातायात खर्चको व्यवस्था गर्ने छ।

११. **छनौट तथा मूल्यांकन समिति तपशिल बमोजिम रहेको छः**

तपसिल

कार्यपालिकाले तोकेको १ जना वडा अध्यक्ष - (संयोजक)

कार्यपालिकाले तोकेको १ जना कार्यपालिका सदस्य - (सदस्य)

कार्यपालिकाले तोकेको फरक वडाबाट (वडा नदोहोरिने गरी) प्रतिनिधित्व गर्ने १ जना कार्यपालिका सदस्य - (सदस्य)

पशु सेवा शाखा प्रमुख/प्रतिनिधि - (सचिव)

उपसमितिले आवश्यकता अनुसार कुनै विशेषज्ञ वा गाउँकार्यपालिकाको सदस्यलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्ने छ।

१२. **निर्देशन दिन सक्नेः** कार्यक्रम सम्बन्धमा ककनी गाउँपालिका, गाउँकार्यपालिकाले आवश्यकता अनुसार निर्देशन दिन सक्ने छ।

१३. **बाधा अड्काउ फुकाउनेः** यस कार्यविधिमा कुनै अस्पष्टता एवम् द्विविधा उत्पन्न भएमा गाउँकार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्ने छ।

## अनुसूची – १

## अनुदान कार्यक्रम माग गर्न पेश गर्ने निवेदनको ढाँचा

मितिः........................

श्री पशु सेवा शाखा प्रमुखज्यू,

ककनी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय

रानीपौवा, नुवाकोट

**विषयः भकारो तथा थलो सुधार कार्यक्रममा सहभागी हुन प्रस्ताव पेश गरेको बारे ।**

प्रस्तुत विषयमा ककनी गाउँपालिका, पशु सेवा शाखाबाट मिति ....................... मा प्रकाशित सूचना अनसुार .................. .............................. शीर्षकको अनुदान कार्यक्रम सञ्चालन गर्न तपसिलका कागजातहरु संलग्न गरी आवेदन पेश गरेको व्यर्होरा अनुरोध गर्दछु ।

**संलग्न कागजातहरुः**

१. निवेदन
२. आवेदकले आफुले सञ्चालन गर्ने व्यवसायको परियोजना प्रस्ताव,
३. सम्बन्धित वडा कार्यालयर्को सिफारिस,
४. नवीकरण भएको दर्ता प्रमाण पत्रको प्रतिलिपि १ प्रति,
५. स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि १ प्रति,
६. समूह वा संस्थाको हकमा कार्य समितिको बैठकको अनुदान माग गर्नको लागि गरेको निर्णय प्रतिलिपि,

७. फर्म वा व्यवसाय सञ्चालनमा रहेको जग्गा धनि प्रमाणपूर्जाको प्रतिलिपि र जग्गा भाडामा लिएको भए प्रचलित नियम बमोजिम कम्तीमा ५ वर्षका लागि भाडामा लिएको खुल्ने कागजातको प्रतिलिपि,

८. कार्यक्रम सञ्चालन हुने आर्थिक वर्षको सम्पति कर तथा भूमिकर तिरेको रसिदको प्रतिलिपि,

९. सम्बन्धित विषयमा तालिम लिएको भए सोको प्रमाणपत्रको प्रतिलिपि,

१०. नागरिकताको प्रतिलिपि १ प्रति ,

११. सो घोषणा पत्र ।

१२. गाई भैंसीको बीमा अनिवार्य रुपमा गरेको हुन पर्नेछ ।

१३. कृषकको हकमा कम्तिमा ३ वटा माउ गाई वा भैंसी हुनुपर्ने ।

निवेदक

दस्तखतः

नाम,थरः

ठेगानाः

सम्पर्क नम्बर र छापः

मितिः..........................

श्री पशु सेवा शाखा प्रमुखज्यू
ककनी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय
रानीपौवा, नुवाकोट

**विषयः भकारो तथा थलो सुधार कार्यक्रममा सहभागी हुन प्रस्ताव पेश गरेको बारे ।**

प्रस्तुत विषयमा ककनी गाउँपालिका, पशु सेवा शाखाबाट मिति ............ मा प्रकाशित सूचना अनसुार .......................................... शिर्षकको अनुदान कार्यक्रम सञ्चालन गर्न तपशिलका कागजातहरु संलग्न गरी आवेदन पेश गरेको व्यर्होरा अनुरोध गर्दछु ।

**संलग्न कागजातहरुः**

१. निवेदन,
२. आवेदकले आफूले सञ्चालन गर्ने व्यवसायको परियोजना प्रस्ताव,
३. सम्बन्धित वडा कार्यालयर्को सिफारिस ,
४. नवीकरण भएको दर्ता प्रमाण पत्रको प्रतिलिपि १ प्रति,
५. स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि १ प्रति,
६. समूह वा संस्थाको हकमा कार्य समितिको बैठकको अनुदान माग गर्नको लागि गरेको निर्णय प्रतिलिपि,
७. फर्म वा व्यवसाय सञ्चालनमा रहेको जग्गा धनी प्रमाणपूर्जाको प्रतिलिपि र जग्गा भाडामा लिएको भए प्रचलित नियम बमोजिम कम्तिमा ५ वर्षका लागि भाडामा लिएको खुल्ने कागजातको प्रतिलिपि,

८. कार्यक्रम सञ्चालन हुने आर्थिक वर्षको सम्पति कर तथा भूमिकर तिरेको रसिदको प्रतिलिपि,

९. सम्बन्धित विषयमा तालिम लिएको भए सोको प्रमाणपत्रको प्रतिलिपि,

१०. नागरिकताको प्रतिलिपि १ प्रति,

११. सो घोषणा पत्र ।

१२. गाई भैसीको बिमा अनिवार्य रुपमा गरेको हुन पर्नेछ ।

१३. कृषकको हकमा कम्तीमा ३ वटा माउ गाई वा भैंसी हुनुपर्ने ।

निवेदक

दस्तखतः

नाम,थरः

ठेगानाः

सम्पर्क नम्बर र छापः

ककनी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

पशु सेवा शाखा

रानीपौवा, नुवाकोट

बागमती प्रदेश, नेपाल

**भकारो तथा थलो सुधार ५०% अनुदान कार्यक्रममा सहभागी हुन प्रस्ताव आव्हानको सूचना**

**प्रथम पटक प्रकाशित सूचना मितिः २०८०/०६/२५**

**सूचना** ! **सूचना** !! **सूचना** !!!

ककनी गाउँपालिकाको आ.व.२०८०।०८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार भकारो तथा थलो सुधार ५०% अनदुान कार्यक्रम रहेकोले सो कार्यक्रममा इच्छुक कृषक/कृषि समूह/फर्म वा संस्थाले यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र अनुसूची १ अनुसारको निवेदन ककनी गाउँपालिकाको पशु सेवा शाखामा पेश गर्नु हुन सूचना प्रकाशन गरिएको छ। विस्तृत जानकारीको लागि ककनी गाउँपालिका पशु सेवा शाखा रानीपौवामा सर्म्पक राख्नु हुन अनुरोध छ।

**आवदेनका साथ पेश गर्नु पर्ने कागजातहरुः**

१) अनुसूची १ अनुसारको - आवेदन पत्र।

२) नागरिकता प्रतिलिपि १ प्रति।

३) सम्बन्धित वडा कार्यालयको सिफारिस।

४) कृषि समूह/कृषक/फर्म वा संस्थाको हकमा नवीकरणको प्रमाण पत्रको प्रतिलिपि ।

५) फर्म वा संस्थाको हकमा कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि ।

६) स्थायी लेखा नं. को प्रतिलिपि ।

७) कृषकको हकमा कम्तिमा ३ वटा माउ गाई वा भैसी हुनु पर्ने ।

**प्रमाणीकरण मितिः २०८०।११।०८**

**आज्ञाले,**
**खम्बराज राई**
**प्रमुख प्रशासकीय अधिकृत**